# नीति तथा कार्यक्रम

*उपाध्यक्ष ज्यू, उपस्थित सभा सदस्य ज्यूहरु,* आदरणीय साँगुरीगढीवासी आमा वुवा, दाजु भाइ तथा दिदी वहिनीहरु ।

*"पर्यटन, कृषि र पूर्वाधारको विकास साँगुरीगढीको आर्थिक समृद्धिको आधार"* भन्ने मूल नाराका साथ यो तेश्रो गाउँसभामा उपस्थित हुन पाउँदा म अत्यन्तै हर्षित छु ।

नेपालको संविधान २०७२ ले प्रत्याभूत गरेका अधिकारहरुको प्रयोगलाई क्रमश व्यवस्थित गर्दै प्राप्त भएको स्थानीय सरकार सन्चालन ऐन २०७४ र सो अनुसार बेनका विभिन्न नियम र कार्यविधिहरुको परिधि भित्र रहि आज हामी यो तेश्रो सभा गर्न जाँदैछौं । यो खुसीको क्षणमा लोकतान्त्रिक एवं गणतान्त्रिक आन्दोलनमा सहादत प्राप्त गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु ।

नेपालको संविधानले नै ३ तहको सरकारको परिकल्पना गरि कार्यप्रारम्भ भएता पनि सो भावना अनुसार अझै पनि स्थानीय तहमा दरवन्दी अनुसारको कर्मचारी एवं विषयगत कार्यालयको पूर्ण व्यवस्थापन हुन नसक्दा सोचे अनुसार नागरिकमा सेवा प्रवाह गर्न सकिएको छैन भने अर्को तर्फ सूत्रको आधारमा अझै पनि पर्याप्त बजेटको व्यवस्था हुन नसक्दा स्थानीय सरकार माथिको नागरिकहरुको आशा र भरोसालाई पूर्ण रुपमा समेटेर विकास निर्माणका कार्यहरु सम्पन्न गर्न सकिएको छैन । तथापि प्राप्त भएको श्रोत साधनलाई अधिकतम परिचालन गरि सवै वर्ग, क्षेत्र, लिंग तह र तप्काको मागलाई सकेसम्म सम्वोधन गर्ने प्रयत्न गरि गुणस्तरिय सेवा दिने प्रयास गरिएको उल्लेख गर्न चाहन्छु । यस गाउँपालिकाको बजेटले सम्वोधन हुन नसक्ने योजनाहरुलाई प्रदेश, संघ र अन्य निकायसँग प्रस्ताव गरी सम्वोधन गर्दै जान पर्ने हाम्रो बाध्यता छँदैछ ।

पर्यटनको प्रचुर सम्भावना बोकेको यस गाउँपालिकालाई पर्यटन पूर्वाधार युक्त बनाउन दीर्घकालिन गुरुयोजना बनाई लगानी गर्नु पर्ने देखिन्छ । यस क्षेत्रको सौन्दर्यतामा रमाउन अत्याधिक मात्रामा आउने आन्तरिक तथा विशेष गरि भारतीय पर्यटकलाई आकर्षित गरि पर्यटन प्याकेज ल्याउन सके पर्यटन नै रोजगारीको मुख्य आयश्रोतको रुपमा बनाउन सकिने कुरा उल्लेख गर्न चाहन्छु ।

***सभा सदस्य ज्यूहरु***

केन्द्र सरकारबाट प्राप्त भएको वित्तीय समानिकरण अनुदान, राजश्व बाँडफाँडबाट प्राप्त अनुदान, सशर्त अनुदान, प्रदेश सरकारबाट प्राप्त भएको वित्तिय सामानिकरण अनुदान, शसर्त अनुदान वापत प्राप्त भएको कार्यक्रम तथा वजेटलाई सहभागितामूलक प्रकृयाबाट यस साँगुरीगढी गाउँपालिकाको आगामी आ.व. २०७५/०७६ को लागि वार्षिक नीति तथा कार्यक्रम बनाईएको छ । सवै विषय र क्षेत्रलाई एकै पटक पुरा गर्न सकिदैन । यसलाई समयानुकुल परिमार्जन गर्दै अगाडि बढ्नु पर्ने वाध्यतालाई समेत ध्यानमा राखी यस गरिमामय सभा समक्ष साँगुरीगढी गाउँपालिकालाई सम्वृद्ध, सबल र पर्यटन पूर्वाधार युक्त बनाउनका लागि देहाय अनुसारको निती तथा कार्यक्रमहरु छलफलका लागि प्रस्तुत गरेको छु ।

## १. पूर्वाधार विकास

१.१ चालु आ.व. २०७४/७५ मा वडा स्तरिय योजना तथा कार्यक्रमहरु सन्चालन गर्नका लागि प्रत्येक वडा लाई रु. २० लाख पूँजीगत बजेट विनियोजन गरिएकोमा आगामि आ.व. २०७५/७६ मा ३० लाख बजेट विनियोजन गरि



अध्यक्ष

वडा स्तरिय योजना तथा कार्यक्रम सन्चालनको व्यवस्था मिलाईएको छ भने स्थानीय राजश्वको आकार, संघ तथा प्रदेश सरकारबाट बजेट थप प्राप्त भै कूल बजेटको आकार वृद्धि भएमा पूजीगत बजेट वृद्धि गर्दै जाने व्यबस्था मिलाइने छ ।

१.२ गाउँपालिका केन्द्र रहेको स्थानबाट सबै वडा केन्द्रसम्म ज़ाने सडकलाई उच्च प्राथमिकतामा राखी आगामी ४ बर्ष भित्रमा ड्रेन सहितको १२ महिना गाडि चल्न सक्ने गरि व्यवस्थित सडक बनाईने छ । आगामि आ.व. ०७५/७६ देखि गाउँपालिकाको गौरवको आयोजनाको रुपमा योजना छनौट गरि उक्त आयोजनालाई ४ वर्ष भित्रमा सडक निर्माण सम्पन्न गरिने छ । उक्त गौरवको आयोजनालाई गाउँपालिकाको बजेटले मात्र सम्भव नहुने भएकोले संघीय सरकार, प्रदेश सरकार तथा अन्य निकायसँग समन्वय गरि अगाडि बढाइने छ ।

१.३ वडास्तरिय योजनाहरु संचालन गर्दा कम्तिमा १५ प्रतिशत उपभोक्ताको नगद लागत सहभागिता वा जनश्रमदानबाट संचालन गर्ने व्यवस्था लागु गरिनेछ स्ट्रक्चरका योजनामा ५ देखि १० प्रतिशत र Soil cutting का योजनामा १५ देखि २० प्रतिशत सम्म लागत सहभागिता गरिने छ भने पालिका स्तरिय योजना सन्चालन गर्दा योजनाको प्रकृती र स्वरुप हेरी कम्तिमा १० देखि २५ प्रतिशत नगद वा जनश्रमदान वापत सहभागिता गर्नुपर्ने व्यवस्था मिलाईने छ । पालिका स्तरका स्ट्रक्चरका आयोजना वा ठूला मेशिन प्रयोग हुने वा उपभोक्ताको जनश्रमदानबाट सन्चालन हुन नसक्ने जटिल प्रकृतिका कार्यहरु उपभोक्ता मार्फत आयोजना सन्चालन गरिने छैन । अन्य पालिका स्तरका आयोजनाको हकमा भने कार्यपालिकाबाट निर्णय भए अनुसार सन्चालन गरिनेछ । उपभोक्ताबाट सन्चालित आयोजनाको मर्मत सम्भारको व्यवस्थाका लागि उपभोक्ता समितिलाई जिम्मेवार बनाईनेछ ।

१.४ गाउँपालिकाको सम्पूर्ण विकास योजना तर्जुमा गर्दा सहभागितामुलक प्रकृया अवलम्वन गरी गरिवी न्युनीकरण गर्ने उद्देश्यले समावेशी विकासको अवधारणा अनुसार योजना तथा कार्यक्रम तर्जुमा गर्ने नीति लिइने छ ।

१.५ यस गाउँपालिकाको यातायात गुरुयोजना निर्माणको कार्य आगामि आ.व.भित्र सम्पन्न गरिने छ । यातायात गुरुयोजना निर्माण भए पश्चात पालिका क्षेत्र भित्रको सम्पूर्ण सडक तथा बाटोहरुको ***Right Of way*** निर्धारण भै दिर्घकालिन रुपमा वस्तीको विकास र सडक निर्माण कार्य गर्नलाई सहजता हुने विश्वास लिएको छु ।

१.६ आगामी आ. २०७५/७६ देखि बोलपत्रको माध्यमबाट खरिद हुने प्रकृतिका आयोजनाहरुलाई खरिद प्रकृया अगाडि बढाउँदा *विद्युतिय बोलपत्र (E-Bidding)* मार्फत खरिद गर्ने यवस्था मिलाउँदै लगिनेछ ।

१.७ रु.३ लाख भन्दा बढीका लागत अनुमान भएका योजना संचालन गर्दा आयोजनाको कार्य सुरु सँगै अनिवार्य रुपमा आयोजना सुचना पाटी टाँस गर्नुपर्ने नियमलाई कडाइका साथ कार्यान्वियन गरिनेछ । सूचना पाटी टाँस नगर्ने आयोजनाको प्राविधिक मूल्यांकन नगरिने व्यवस्था मिलाइने छ ।

१.८ गाउँपालिकामा योजनातथा कार्यक्रम सम्झौता नगरी आफुखुसी योजना शुरु गरी निर्माण गरिएका योजनाहरुमा गाउँपालिकाले बजेट समावेश गरिदिनु पर्ने गरि माग भई आएमा त्यस्ता योजनाहरुलाई सम्झौता र बजेटको व्यवस्था गरिने छैन । साथै स्वीकृत भएका योजना तथा कार्यक्रहरुको ल.ई एवं सम्झौता नभईकन कुनै पनि कार्य गरेमा पछि सम्झौता गरिने छैन ।

अध्यक्ष

१.९ पालिकाबाट संचालन हुने पुर्वाधार निर्माण सँग सम्वन्धित कार्यको गुणस्तर कायम गर्न अनुगमन, सुपरिवेक्षण र मुल्यांकन कार्य नियमित रुपमा सन्चालन गरिने छ । साथै योजनाको अन्तिम भुक्तानी गर्नु पुर्व सार्वजनिक परिक्षण, काम शुरु हुनुभन्दा अगाडी, काम सुरु हुँदै गरेको र काम सम्पन्न भएपछिको अवस्था झल्काउने फोटोहरु अनिवार्य रुपमा उपभोक्ता समितिले पेश गर्नुपर्ने व्यवस्था कडाइका साथ लागु गरिनेछ ।

१.१० पालिकाले सडक निर्माण गर्दै जाने तर सडकको लगत कट्टा नहुँदा जग्गाधनीले मालपोत तिरिरहेको हुँदा यस्ता समस्यालाई लगत कट्टा गरि रेकर्ड व्यवस्थापनको कार्य सम्बन्धित वडा कार्यालय मार्फत प्रकृया सुरु गरिने छ ।

१.११ अत्यावश्यक बाहेक सकभर नयाँ ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गरिने छ, निर्माण सुरु भएका बाटोहरुको स्तरोन्नतीलाई जोड दिइने छ । नयाँ ट्र्याक खोल्नु पर्दा सम्भाव्यता अध्ययन कार्य (Feasibility study) गरेर मात्र ट्र्याक खोल्ने व्यवस्था मिलाईने छ ।

१.१२ आगामी आ.व. २०७५/७६ देखि नक्सा पास कार्यलाई अगाडि बढाइने छ भूकम्पबाट प्रभावित जिल्ला भएकोले आइन्दा घर निर्माण गर्दा भवन निर्माण आचारसंहितालाई पूर्ण पालना गरि घर निर्माण इजाजत दिइने छ । यसको लागि आवश्यक प्राविधिक जनशक्तिको व्यवस्था मिलाईने छ गाउँपालिकाको भवन निर्माण कार्यविधि निर्माण नभए सम्मको लागि वस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२,भवन निर्माण संहिता २०६० (NBC) लाई आधार मानी घर नक्सा पास प्रकृया अगाडि बढाइने छ साथै भूकम्प प्रतिरोधी घर निर्माणका लागि सचेतना कार्यक्रमहरु संचालन गर्ने र घर निर्माण गर्नका लागि निर्माणकर्मी तथा क्रामदारहरुलाई दक्ष कालिगढ को तालिम सन्चालन गर्नका लागि भूकम्प प्रविध राष्ट्रिय समाज (Nset) र शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय धनकुटासँग सहकार्य गरिनेछ । तालिम प्राप्त कालिगढ को अभिलेख तयार गरि उनीहरुबाट मात्र घर बनाउन पाउने व्यवस्था क्रमश लागु गरिने छ । यस भन्दा अगाडि बनेका घर तथा संरचनाहरुको अभिलेखिकरण गर्ने प्रकृया अगाडि बढाइने छ ।

## २. *पर्यटन विकास*

२.१ साँगुरीगढी गाउँपालिका भौगोलिक क्षेत्रको रुपमा धनकुटा जिल्लाकै सबैभन्दा ठूलो स्थानीय तह भएको र पर्यटनको दृष्टिकोणले समेत सबैभन्दा उत्तम क्षेत्र भएकोले आगामी वर्षको बजेटमा एकिकृत पर्यटन गुरुयोजना ( DPR) निर्माण गरि सोहि गुरुयोजनाको आधारमा पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यलाई अगाडि बढाईने छ । साँगुरीगढी गाउँपालिकाको विशेष पहलमा प्रदेश सरकारले यस गाउँपालिकालाई पर्यटकिय गन्तव्यको रुपमा विकास गर्ने उल्लेख गरेकोले हामी गौरवान्वित भएका छौं उक्त कार्यका लागि प्रदेश सरकारलाई धन्यवाद एवं आभार व्यक्त गर्न चाहन्छु ।

२.२ नमस्ते झरनाको पूर्वाधार विकासमा गुरुयोजना अनुसार लगानी गरिनेछ । साथै यहाँ आउने नागरिकहरुको सुरक्षा व्यवस्थामा स्थानीय समूदाय, सरोकारवालाहरु तथा झरना व्यवस्थापन समितिसँग सहकार्य गरि व्यवस्थित गरिनेछ । झरना रहेको मुख्य क्षेत्रमा जोखिम रहेकोले उक्त क्षेत्रमा सोझै नुहाउन जादा जोखिम देखिएकोले त्यसलाई रोकि नजिकै स्थानबाट अवलोकन गर्ने व्यवस्था मिलाईने छ । झरना क्षेत्रमा घुम्न आउने पर्यटकहरुको सवारी पार्किङ्गलाई व्यवस्थित गरिनेछ । त्यस क्षेत्रमा निस्कने फोहोर व्यवस्थापनको लागि नमस्ते झरना व्यस्थापन समितिसँग सहकार्य गरि उचित व्यवस्थापन मिलाईनेछ ।

२.३ विशेष गरि यस क्षेत्रको भेडेटार - नाम्जे - राँके सडकको कालोपत्रे गर्ने कार्यमा केन्द्र सरकारले ठेक्का व्यवस्थापन गरेको भन्ने सुन्नमा आएको भएतापनि हालसम्म पनि कार्य सुरु नभएकोले यसको निर्माणमा



अध्यक्ष

सम्बन्धित निकायलाई ध्यानाकर्षण र सहजीकरण गरिनेछ । यस क्षेत्रको सुन्दरता कामय राख्न स्थानीयसँग सहकार्य गरिने छ । साथै उक्त सडकको दायाँ बाँया क्षेत्रमा सोलार सडक बत्ती लगाउन सम्भाव्यता अध्ययन गरिनेछ ।

२.४ भेडेटारमा रहेको निर्माणाधिन भ्यू टावरको बाँकी कार्य आ.व. ०७५/७६ मा सम्पन्न गरिने छ साथै सबै वडाका धार्मिक पर्यटकिय स्थलहरुको संरक्षणमा विशेष ध्यान दिइने छ । नाम्जेमा रहेको ऐतिहासिक आत्मा घरको संरक्षण र विकास गरिनेछ । तमोर क्षेत्रमा र्‍याफ्टिङ्गको राम्रो सम्भाव्यता देखिएकोले निजी क्षेत्रलाई उल्लेखित कार्यका लागि आह्वान गर्न सम्भाब्यता अध्ययन गरिनेछ । माथि उल्लेखित क्षेत्रका साथै अन्य विभिन्न क्षेत्रहरु समेटी पर्यटन प्याकेज एवं एकिकृत वृत्त चित्र तयार गरि नेपाली तथा विदेशी च्यानलहरुबाट प्रचार प्रसार गरिने छ । नेपालसँग जोडिएका भारतका सिमा क्षेत्रमा होर्डिङ्ग बोर्ड राखि प्रचार प्रसार गरि आन्तरिक तथा बाह्य पर्यटकको लागि गन्तव्य स्थलको रुपमा विकास गरिने छ । यसको लागि विभिन्न स्थानीय संघ संस्था, सरोकारवाला निकाय, होटल एशोसिएन भेडेटारसँग नियमित समन्वय र साझेदारी गरिनेछ ।

२.५ ओखे टावर लगायत अन्य वडास्तरीय ठाउँहरुको स्तरोन्नती र पूर्वाधार विकासमा जोड दिइनेछ । उक्त क्षेत्रमा घुम्न आउने पर्यटकहरुलाई निश्चित शुल्क उठाउने अधिकार वडा कार्यालयलाई प्रत्यायोजन गरि संकलन गरिनेछ ।

२.६ नाम्जेमा संचालन रहेको सामूदायिक होम स्टेको प्रवर्द्धनको लागि विभिन्न स्थानको होमस्टेको अध्ययन अवलोकनको व्यवस्था मिलाईने छ । साथै प्रभावकारी होमस्टे व्यवस्थापनको लागि तालिमको समेत व्यवस्था मिलाईनेछ । अन्य क्षेत्रहरुमा समेत होमस्टे संचालनको लागि सम्भाव्यता अध्ययन गरिने छ ।

२.७ धार्मिक पर्यटन प्रवर्द्धन वृद्धिको लागि भेडेटारबाट प्रदेश नं. १ कै सबैभन्दा महत्वपूर्ण तिर्थस्थल बराह क्षेत्र र त्रिवेणीसम्म पुग्ने सडकलाई स्तरोन्नती गरिनेछ । धरान - विष्णुपादुका - चाँदि बजार- दिलुडटारसम्म पुग्ने सडकलाई विस्तार तथा स्तारोन्नती गरिनेछ ।

२.८ पर्यटन, कृषि र साँस्कृतिक क्षेत्रमा सहयोग आदान प्रदान गर्ने उद्देश्यले आन्तरिक तथा बाह्य देशका स्थानीय सरकारसँग भगिनी सम्बन्ध राख्नको लागि पहल गरिने छ ।

***३.सामाजिक बिकास सम्बन्धी***

***शिक्षा सम्बन्धि***

***महिला बालबालिका, युवा, जेष्ठ नागरिक तथा लैंगिक समानता***

३.९ कानूनले प्रतिबन्धित गरेको वाल विवाह, वहु विवाह तथा लैंगिक विभेद अन्तर्गतका जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

३.१० एकल/विधवा महिलाहरुको आयआर्जनमा वृद्धि गर्न मागको आधारमा आवस्यक तालिमका कार्यक्रमहरु सन्चालन गरीनेछ । एकल महिलाहरुको तथ्यांक संकलन गर्ने कार्यलाई अगाडि बढाइने छ ।

३.११ जेष्ठ नागरिकहरुको स्वास्थ्य सुधारको लागि स्वास्थ्य केन्द्रमा कार्यरत प्राविधिक जनशक्तिको परिचालन मार्फत घुम्ती स्वास्थ्य केन्द्रको व्यवस्था मिलाईने छ ।

३.१३ बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्नका लागी बाल क्लब र सूचक पूरा गर्न सहयोग गर्ने कार्यालय, संघ संस्थासंग समन्वय गरी आगामी ४ वर्ष भित्रमा यस गाउँपालिकालाई बालमैत्री गाउँपालिका बनाइने नीति लिइनेछ । बालवालिकाको समग्र अधिकार (बाँच्न पाउने, विकासको अधिकार, संरक्षणको अधिकार र

अध्यक्ष

सहभागीताको अधिकार) प्रवर्धनका लगि उपयुक्त किसिमका योजनाहरुलाई प्राथमिकता दिई खर्च गरिनेछ । प्रत्येक वडामा बाल क्लव गठन गरि कृयाशिल गराइनेछ ।

३.१४ सबै वडाहरुमा सन्चालन भएका होटल व्यवसायहरुमा सम्बन्धित सरोकारवाला निकाय र वडा नं. ६ को हकमा होटल एशोसिएशन भेडेटारसँग सहकार्य गरि आगामि आर्थिक वर्ष भित्रमा ***"यो होटलमा बाल श्रम छैन हामी पनि राख्दैनौ अरुलाई पनि राख्न दिन्नौ "***भन्ने स्टीकर टाँस अभियान सन्चालन गरि बाल श्रम मुक्त होटल बनाउने अभियान गाउँपालिका भरि सन्चालन गरिनेछ ।

३.१५ विपन्न वर्गका महिलाहरुको जीवनस्तर उकास्नका लागि आयमुलक कार्यक्रमहरु जस्तै बाखा साटासाट कार्यक्रम, बीउ पूँजीको रुपमा एक घर एक बाखा/बोका वितरण गर्ने कार्यक्रम पशु शाखा मार्फत सन्चालन गरिनेछ यसले आयआर्जन वृद्धिमा र व्यवसायिकता वृद्धिमा केहि सहयोग पुग्ने विश्वास लिएको छु ।

३.१६ महिलाहरुको राष्ट्रिय पर्व तिज कार्यक्रमलाई सँस्कृति संरक्षणसँग आबद्ध गरि मनाउन सचेतना कार्यक्रम तयार गरिने छ साथै महिला हिंसा विरुद्धको १६ दिने अभियान, अन्तर्राष्ट्रि महिला दिवस मनाउन विशेष कार्यक्रम सन्चालन गरिने छ। घरेलु हिंसा न्यूनिकरण गर्न र पिडित महिलाहरुलाई न्याय एवं क्षतिपूर्ति दिलाउन विशेष पहल गरिने ।

***आदिवासी जनजाती तथा अन्य समूदाय सम्बन्धी***

३.१७ आदिवासी जनजाति समूदायको भाषा सँस्कृति, भेषभूषा संरक्षणको लागि सहयोग गरिनेछ साथै विभिन्न जातजातीको सँस्कृति जोगाउने कार्यक्रमहरु सन्चालन गर्न बजेटको व्यवस्था मिलाईनेछ ।

३.१८ दलित वर्गको उत्थानको लागि आरन सन्चालन गर्नेहरुलाई आरन सुधारको लागि सम्बन्धित वडा कार्यालयको सिफारिसका आधारमा आवश्यक सहयोग गरिने छ । दलित परिवारको फुसको छाना हटाई जस्ताको छाना अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

***स्वास्थ्य तथा जनसंख्या सम्वन्धमा***

३.१९ नागरिकहरुको मौलिक अधिकारको रुपमा रहेको स्वास्थ्य सेवालाई गाउँपालिका क्षेत्रभित्रका नागरिकहरुले सहज रुपमा पहुँच पाउन सक्ने व्यवस्था मिलाउनको लागि स्वास्थ्य बीमा कार्यक्रम सुरु गर्न आवश्यक पहल गरिनेछ ।

३.२० प्राथमिक स्वास्थ्य केन्द्र डाँडाबजारलाई १५ बेडसम्मको अस्पतालमा स्तरोन्नतीको लागि प्रदेश सरकार र केन्द्र सरकार सँग अनुरोध गरिनेछ । अस्पतालको रुपमा स्तारोन्नती नहुँदासम्म व्यवस्थित रुपमा सन्चालनको लागि आवश्यक उपकरण र जनशक्तिको व्यवस्था मिलाईने छ ।

३.२१ स्वास्थ्य चौकी, इकाइको पूर्वाधार तथा गुणस्तर सुधार गर्न आवश्यक सहयोग तथा अनुगमनलाई प्रभावकारी बनाई वडा वासीहरुले सहज रुपमा स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरि आवश्यक व्यवस्था मिलाईने छ ।

३.२२ स्वास्थ्य प्राविधिकहरुको क्षमता विकासका लागि आवश्यक तालिम र क्षमता विकासका कार्यक्रमहरु सन्चालन गरिनेछ ।

३.२३ महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रोत्साहित गर्न आवश्यक तालिम र यातायात खर्चको व्यवस्थालाई निरन्तरता दिइने छ ।

**युवा तथा खेलकुद सम्वन्धमा**

३.२४ प्रत्येक वडाको पायक पर्ने स्थानमा एक एक वटा खेल मैदान आवश्यक पर्ने भएको हुँदा त्यस्ता क्षेत्रको पहिचान गरि खेल मैदानको व्यवस्थापन गर्न आवस्यक कार्य अगाडि वडाइनेछ ।

अध्यक्ष

३.२५ खेलकुदको दीगो व्यवस्थापनका लागी सुविधा सम्पन्न कभर्डहल निर्माण गर्न सम्भाव्यता अध्ययन गरिनेछ । यसको लागि प्रदेश सरकार, संघीय सरकार एवं अन्य निकायसँग सहयोग मागिने छ ।

३.२६ वार्षिक रुपमा कम्तीमा एक वटा पालिका स्तरिय खेलकुद कार्यक्रम संचालन गर्न बजेटको व्यवस्था गरिनेछ ।

३.२७ युवाहरुलाई रोजगारी उन्मुख गराई आत्मनिर्भर बनाउन युवा स्वरोजगारमूलक कार्यक्रमहरु सन्चालन गर्दै जाने व्यवस्था मिलाईनेछ । उद्यम विकासका कार्यक्रमहरुलाई युवा लक्षित बनाई कार्यक्रमहरु सन्चालन गरिनेछ ।

*सरकारी तथा गैह्र सरकारी संस्था सम्वन्धमा*

३.२८ यस गाउँपालिका क्षेत्र भित्र सन्चालन हुने सम्पूर्ण गैर सरकारी संस्थाको कार्यक्रमलाई नियमन र एकरुपता हासिल गर्नका लागि गै.स.स. डेक्स स्थापना गरिनेछ । गाउँपालिका क्षेत्रभित्र कार्यक्रम सन्चालन गर्नु पूर्व अनिवार्य रुपमा गैरसरकारी संस्थाहरुले अनुमती लिनु पर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

३.२९ गैह्र सरकारी संस्थाहरुलाई कार्यक्रमको अनुमति दिदा विकास र चेतनाको दृष्टिले पछि परेकावडा, क्षेत्रहरुमा समन्वय गरि कार्यक्रम सन्चालन गर्ने व्यवस्था मिलाइनेछ ।पालिकास्तरका जनचेतनामूलक, रोजगारमूलक, सन्देशमूलक तालिमहरु सहकार्यमा सन्चालन गर्न प्राथमिकता दिइनेछ ।

खानेपानी तर्फ

३.३० खानेपानी मुहान नभएका स्थानहरुको पहिचान गरि उक्त क्षेत्रहरुमा पाइप वा लिफ्टिङ्गका माध्यमबाट खानेपानी सन्चालनका लागि प्रदेश सरकार र केन्द्र सरकारसँग विशेष पहल गरिनेछ

३.३१ मर्मत सम्भार गर्नुपर्ने अवस्था रहेको खानेपानीको स्रोत संरक्षणको व्यवस्था मिलाइने छ, नयां स्रोत र मुहानको खाजी गर्ने र विभिन्न स्थानका खानेपानी रहेको ट्यान्कीलाई संरक्षण र मर्मत गर्ने कार्यलाई अगाडि बढाउन बजेटको व्यवस्था मिलाईने छ ।

*४.वातावरण तथा विपद् तथा फोहोर मैला व्यवस्थापन*

४.१ वातावरण संरक्षणका लागि हाल यस गाउँपालिका क्षेत्र भित्र प्लाष्टिक निषेधित अभियान सरोकारवाला सबै निकायसँग हातेमालो गरि अगाडि बढाइने छ । यस गाउँपालिकालाईआगामि असोज १ गतेदेखि प्लाष्टिक झोला मुक्त पालिका घोषणको लागि विशेष गरि होटल एशोसिएशन भेडेटार एवं अन्य निकायसँग सहकार्य गरिनेछ यसको लागि मुख्य जिम्मेवारी वडा कार्यालयलाई बनाईनेछ ।

४.२ वृक्षारोपणका लागि जिल्ला वन कार्यालय तथा इलाका वन कार्यालयसँग समन्वय गरि आवश्यक विरुवाहरु सहज रुपमा प्राप्त गर्ने व्यवस्था मिलाइनेछ । यसको लागि सामूदायिक वन समितिसँग आवश्यक छलफल गरिने छ । वन उभोक्ता समिति र वन उपभेक्ताहरुलाई वन संरक्षण सम्वन्धि अभिमुखिकरण तालिम संचालन गर्न जिल्ला वन कार्यालय सँग समन्वय गरी आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

४.५ अनियन्त्रित वन फडानी आगलागी जस्ता कार्यहरुलाई नियन्त्रण गर्न दण्ड जरीवानालाई प्रभावकारी कार्यन्वयन गर्ने व्यवस्था मिलाइनेछ । सामूदायिक वनको व्यवस्थापनमा वन समितिलाई अझ बढी जिम्मेवार बनाईने छ । वन उभोक्ता समिति र वनउपभेक्ता हरुलाई वन संरक्षण सम्वन्धि अभिमुखिकरण तालिम संचालन गर्न जिल्ला वन कार्यालय सँग समन्वय गरी आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

४.६ विशेष गरि फोहोर अत्याधिक उत्पादन हुने क्षेत्र भेडेटार, नाम्जे, नमस्ते झरना, लावरबोटे, डाँडाबजार लगायतका क्षेत्रको फोहोर व्यवस्थापनको लागि प्रकृया अगाडि बढाइने छ । यसको लागि ट्याक्टर खरिद प्रकृया अगाडि बढाईसकेकोले उपयुक्त स्थानमा फोहोर व्यवस्थापन केन्द्र स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

अध्यक्ष

४.७ घरको फोहोरलाई सकेसम्म घरमा नै तह लगाउन आवश्यक तालिम र सचेतना कार्यक्रम सन्चालन गरिनेछ । तथापी उत्सर्जन हुने फोहोर लाई स्रोत मै कुहिने र नकुहिने गरी छुट्टाछुट्टै संकलन गर्न सचेतना अभिबृद्धि गरिनेछ ।

४.८ भेडेटारमा रहेको शौचालयको सरसफाइमा सम्बन्धित पक्षलाई जिम्मेवार बनाईनेछ साथ नाम्जेमा निर्माण सम्पन्न हुने शौचालय समूदायलाई हस्तान्तरण गरिनेछ । डाँडाबजार क्षेत्रमा र नमस्ते झरना क्षेत्रमा सार्वजनिक शौचालय निर्माणको लागि वडा कार्यालयहरु मार्फत जग्गाको खोजि गरि प्रकृया अगाडि बढाइनेछ

४.९ भेडेटार नाम्जे डाँडाबजार र नमस्ते झरना क्षेत्रमा फोहोर व्यवस्थापनको लागि आवश्यक स्थानमा डस्टविनहरु राख्ने कार्यलाई अगाडि बढाइनेछ ।

४.१० गाउँ विपद व्यवस्थापन समितिलाई क्रियाशिल बनाइनेछ । विपदको समयमा उद्धार गर्न नेपाल रेडक्रस सोसाईटी, जनपथ प्रहरी, स्थानीय शसस्त्र प्रहरी युनिटसँग समन्वय गरि आसपासका वडाहरुमा युवा जनशक्ति लाई विपद पुर्वतयारी र उद्धार संवन्धि तालिमको व्यवस्था मिलाइनेछ । खुल्ला स्थानको छनोट र घोषणा गरी सम्बन्धित वडा कार्यालयमा सूचिकृत गरिनेछ ।

४.११ स्थानीय विपद जोखिम योजना बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

४.१२ गाउँपालिकामा विपद व्यवस्थापन कोषको स्थापना गरि यसको लागि आवश्यक बजेटको व्यवस्था मिलाईनेछ । यस कोषबाट आवश्यकता अनुसार उद्धार, राहत, क्षतिपूर्ति तथा विपत्सँग सम्बन्धित विषयमा मात्र खर्च गरिनेछ

## *५. सार्वजनिक, ऐलानी, पर्ती जग्गा तथा मठ मन्दिर संरक्षण तथा सुकुम्बासी समस्या*

**५.१** गाउँपालिका क्षेत्र भित्र रहेका सम्पूर्ण ऐलानी, पर्ति, सार्वजनिक पोखरी जस्ता जग्गाहरुको लगत राखि सार्वजनिक गरिनेछ । त्यस्ता क्षेत्रहरुको संरक्षण र सार्वजनिक हित हुने गरि उपयोगमा ध्यान दिइने छ ।

**५.२** गाउँपालिका क्षेत्र भित्र रहेका पार्क पाटी पौवा, चौतारा, मठ मन्दिर बौद्ध, विहार, गुम्वा, चर्च, धारा, कुवा आदिको संरक्षण गर्न वडा कार्यालयलाई जिम्मेवार बनाईने छ ।

५.३ यस भित्र वर्षैदेखि बसोबास गर्दै आएका सुकुम्बासीहरुको समस्या समाधानका लागि उचित व्यवस्थापन गरिनेछ । सुकुम्बासीहरुको व्यवस्थित बसोबासको लागि लगत संकलन गरि व्यवस्थापनमा आवश्यक सहयोग गरिने छ ।

## *६. आर्थिक विकास*

### *कृषि तथा पशु विकास तर्फ*

६.१. साँगुरीगढी गाउँपालिकालाई कृषि क्षेत्रमा आत्मनिर्भर बनाउन कृषि नीति तयार गरिनेछ साथै सोही नीतीका आधारमा लगानी गर्दै जाने व्यवस्था मिलाईनेछ ।

६.२ विशेष गरि यस क्षेत्रमा उत्पादन हुने

| | | |
|---|---|---|
| **तरकारी तर्फ** | - | टमाटर, काउली, बोडी, धनीया, सीमी, रायो, मूला, आलु |
| **फलफूल तर्फ** | - | कागती, सुन्तला, आँप, लीच्ची, केरा, एभोकार्डो, आरु वखडा र नासपाती |
| **खाद्यान्न तर्फ** | - | मकै, गहुँ, धान, कोदो खेती गर्ने कृषकहरुलाई बिउ विजन तथा विरुवामा ५० देखि ८० प्रतिशतसम्म अनुदान दिने व्यवस्था मिलाईनेछ |

६.३. गाउँपालिका भित्र उपयुक्त ठाउँ छनौट गरी विउमा आत्मनिर्भर हुनका लागी उपयुक्त स्थान हेरी विजवृद्धि कार्यक्रम संचालन गरिनेछ र सो को लागी कुल विउमा १०० प्रतिशत अनुदान दिने नीति लिइनेछ ।



अध्यक्ष

६.४ प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तरगतका पकेट क्षेत्रलाई निरन्तरता दिइनेछ । (पकेट क्षेत्र अन्तरगतका उत्पादन हुने बालीहरु : तरकारी बाली, मसला वाली,फलफूलवाली )

६.५. भु-उपयोग नीती निर्माण गरी माटो परिक्षणका आधारमा कृषिको पकेट क्षेत्र निर्धारण गर्ने र सोही अनुसारको व्यवसायिक खेती प्रणालीलाई अवलम्वन गर्ने व्यवस्था मिलाईनेछ ।

६.६ माटोको उर्वरा शक्तिलाई वृद्धि गर्न कृषि चुन र प्रांगारिक मलको अधिक प्रयोग गर्नका लागि आवश्यकताको आधारमा कृषि चुन र प्रांगारिक मलमा अनुदानको व्यवस्था मिलाईनेछ ।

६.७ आगामी आ.व. को कृषि सम्वन्धि कार्यक्रम मार्फत मोटरबाटो पुगेका स्थानहरुमा उन्नत जातका तरकारी, मसला तथा फलफुल खेती गर्ने (विशेषत : पकेट क्षेत्रका लागि मात्र) किसान हरुलाई वीउ विरुवा र आवश्यक उपकरणमा १०० प्रतिशत अनुदानको व्यवस्था मिलाईनेछ ।

६.८ हालको परम्परागत कृषि खेती पद्दतीलाई रुपान्तरण गर्दै उन्नत नवीनतम प्रविधि र आधुनिक यान्त्रिकरण जस्तै प्लाष्टिक पोखरी प्लाष्टिक टनेल, प्लाष्टिक घर, मेटल सीटवीन लगायतमा अनुदानको व्यवस्था गरिनेछ ।

६.९ कृषि/पशु विकासका लागि समावेशी तवरले सहभागी गराई कृषक पाठशाला सन्चालन गरिनेछ ।

६.१० कृषकहरुलाई आधुनीक उन्नत प्रविधिको श्रव्य दृष्य सहितको खेती पद्दतीमा आधारित तालिमको व्यवस्था मिलाईनेछ ।

६.११ कृषी तथा पशु विकाससँग सम्बन्धित कृषकहरुलाई जिल्ला भित्र र अन्तर जिल्लामा अध्ययन अवलोकनको व्यवस्था मिलाईनेछ ।

६.१२ पशु विकास तर्फ आहारा विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ । यसबाट पशु किसानहरुलाई पोषणयुक्त विकासे घाँस वितरण भै उत्पादन तथा उत्पादकत्वमा वृद्धि हुने आशा लिइएको छ ।

६.१३ गोठ सुधारको कार्यक्रमलाई निरन्तरता दिइने छ । यसमा ५० प्रतिशत अनुदानको व्यवस्था मिलाइने छ यसबाट स्वच्छ मासु, दुध उत्पादन गरि स्वच्छ र स्वस्थ पशुजन्य पदार्थ उत्पादन गरि खाद्य सुरक्षामा टेवा पुग्ने लक्ष्य राखिएको छ ।

६.१४ पशुपंछीहरुलाई निःशुल्क उपचार सेवा पुर्याउनका लागि पशु कृषकहरुको मागको आधारमा वडाहरुमा पशु स्वास्थ्य शिविर सन्चालन गरिनेछ ।

६.१५ स्थानीय जातका बाख्राहरुको उत्पादन तथा उत्पादकत्व बढाउन नश्ल सुधारका लागि ५० प्रतिशत अनुदानमा ६ वटा बयर जातका बीउ बोका खरिद गरि मागको आधारमा कृषकहरुलाई वितरण गरिनेछ ।

६.१६ नश्ल सुधार कार्यक्रम अन्तरगत कृतिम गर्भाधान सेवा सन्चालनमा निरन्तरता दिई गाई भैंसी, बाख्रा र सुँगुरमा गर्भाधान गरि उन्नत नश्लका पशुहरु उत्पादन गराइनेछ ।

६.१७ पशु उत्पादन हुन सक्ने क्षेत्रको पहिचान गरि कृषकहरुको माग समेतका आधारमा पकेट क्षेत्र घोषणा गरिनेछ

६.१८ पशु स्वास्थ्य नियमन कार्यक्रम अन्तरगत पशु जन्य उत्पादन वितरण र भण्डारणमा संलग्न कृषक समूह, समिति र पशु व्यवसायिहरुसँग अन्तरक्रिया सन्चालन गरिनेछ ।

६.१९ पशु स्वास्थ्य उपचार सेवा तथा जैविक सुरक्षा अपनाई पशुहरुमा लाग्ने विभिन्न किसिमका रोगहरुको जोखिम न्यूनीकरण गर्न विशेष कार्यक्रम सन्चालन गरिनेछ ।

## ७. राजश्व प्रशासन सम्वन्धी

७.१ आन्तरिक राजश्व संकलनलाई मजबुत बनाउनका लागि प्रशासनलाई चुस्त दुरुस्त र करदाता मैत्री बनाउन सरोकारवाला निकायहरुसँग समन्वय गरी राजश्वको दायरा फराकिलो पार्ने, नयाँ करका क्षेत्रको पहिचान गर्ने कार्यको समन्वय एवं खोजी गरिनेछ । यस कार्यको लागि राजश्व परामर्श समितिलाई कृयाशिल गरिने छ ।

७.२ गाउँपालिका क्षेत्रबाट घरवहाल कर प्रभावकारी रुपमा संकलन हुन नसकेको हुँदा स्व घोषणाको माध्यमबाट घरबहाल कर संकलन गर्न आह्वान गरिनेछ । यसरी आह्वान गर्दा पनि संकलन हुन नसकेमा घरदैलो कार्यक्रम मार्फत लगत संकलन गरि नियम अनुसार घरवहाल कर संकलन गर्ने अभियान संचालन गरिनेछ,



अध्यक्ष

यसको लागि सम्बन्धीत वडा कार्यालयलाई जिम्मेवार बनाइने छ । सम्बन्धित घरधनीहरुबाट नियमानुसार १० प्रतिशत घरवहाल कर दाखिला गर्ने व्यवस्था गरिनेछ ।

७.३ गाउँपालिका क्षेत्रमा रहेका व्यवसाय सन्चालन गर्ने सबै व्यवसायीहरुलाई अनिवार्य रुपमा दर्ता र समयमै नविकरण गराइनेछ । साथै करदाता शिक्षा, व्यवसाय दर्ता तथा नविकरण, बजार अनुगमन जस्ता कार्यलाई होटल व्यवसाय संस्थासँग सहकार्य गरि अगाडि बढाईने छ ।

७.४ वडा कार्यालयहरुमा Software जडान गरि कर संकलन कार्यलाई पारदर्शी र प्रभावकारी बनाइनेछ

**८.सुशासन सेवा प्रवाह तथा कर्मचारी व्यवस्थापन सम्वन्धि**

**८.१** गाउँपालिका र वडा कार्यालयहरुबाट प्रदान हुने सेवाहरुलाई कागजी प्रकृयाबाट क्रमशः हटाउदै डिजिटलाईज गरिनेछ । स्थानीय तहमा प्राप्त हुनु पर्ने कर्मचारी र हस्तान्तरण हुने सेवा कार्यालयहरु पूर्ण रुपमा उत्तरदायी बनाउन केन्द्र सरकार सँग माग गरिनेछ ।

८.२ छिटो छरितो सेवा प्रवाहमा विशेष ध्यान दिइने छ हेल्प डेस्क, गुनासो पेटिका, नागरिक वडापत्र, डिजिटल हाजिरी, विद्युतीय सूचना पाटी जस्ता E Governance का Tools लाई वडा कार्यालयमा समेत कार्यान्वयन गरिने छ ।

८.३ कर्मचारीहरुलाई आफ्नो काम प्रति जिम्मेवार बनाइने र कानुनले तोकेको आचरण र मर्यादा पालन नगर्ने कर्मचारीको कार्य सम्पादन मुल्यांकनमा दण्डनिय गरिनेछ । सेवाग्राही सँग शिष्ट व्यवहार गर्नुपर्ने एवं मुस्कान सहितको सेवा प्रवाह गर्नुपर्ने व्यवस्थालाई अनिवार्य बनाइनेछ । अतिरिक्त समयमा कामकाज गर्ने कर्मचारीहरुलाई नियमानुसार Incentives को व्यवस्था मिलाईनेछ ।

८.४ जनप्रतिनिधिहरुको क्षमतालाई विकास गर्न समसामयिक विषय वस्तुका सन्दर्भमा तालिमको व्यवश्था मिलाइनेछ साथै कर्मचारीहरुलाई समेत आवश्यकता अनुसार विभिन्न किसिमका तालिम प्रदान गरिनेछ ।

८.५ गाउँपालिकावासिले तिरेको करलाई सम्मान गर्दै खर्चलाई पारदर्शिता बनाइनेछ । कार्यालयमा सूचना दिने अधिकारी, गुनासो सुन्ने अधिकारी तथा कार्यालयबाट सम्पादन गर्ने कामलाई जनमुखी र उत्तरदायी बनाउन प्रवक्ता तोकी व्यवस्थित गरिनेछ । कार्यालयको Webpage मा सबै किसिमका सूचनाहरु राखिनेछ । सबै वडा कार्यालयहरुमा चालु आ.व. भित्र Hybride solar panel जोडि इन्टरनेटको व्यवस्था मिलाईनेछ । सबै वडा कार्यालयमा इन्टरनेटको पहुँच पुगेपछि चिठ्ठी पत्र Webpage मा राखिनेछ र हुलाक वा अन्य माध्यमबाट पत्र पठाइने छैन । साँगुरीगढी बजेट पुस्तिका प्रकाशनको व्यवस्था मिलाईनेछ ।

कुमारजंग याखा
अध्यक्ष